सूचना २

श्री ५ को सरकारले मिति २०४१।१२।२२ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा, राजपत्रांकित प्रथम श्रेणी (प्राविधिक समूहीकृत नहुने) का डा. बद्रीलाल श्रेष्ठलाई पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको क्षेत्रीय स्वास्थ्य निर्देशक पदमा मिति २०४१।९।११ देखि पदस्थापन गरेको छ ।

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

सामान्य प्रशासन मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले मिति २०४२।३।२० को निर्णयानुसार श्री रामाशीषप्रसाद शाहलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा मिति २०३९।६।८ देखि नै पुनः कायम गरी सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदस्थापन गरेको छ।

सूचना २

श्री ५ को सरकारले मिति २०४२।३।२६ को निर्णयानुसार नेपाल गुणस्तर निर्धारण समितिका देहायका अधिकृतहरूलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा साधारणतर्फ परिणत गरी नेपाल गुणस्तर कार्यालयमा पदस्थापन गरेको छ ।

१. श्री शम्भु मल्ल
२. श्री ज्ञानचन्द्र श्रेष्ठ

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228